# सिंचाई नीति

## २०४९

(प्रथम संशोधन २०५३)

श्री ५ को सरकार
जलस्रोत मन्त्रालय
सिंहदरबार, काठमाडौं

# विषय-सूची

भाग १
१.१ पृष्ठभूमि ........ १
१.२ परिभाषा ........ २
१.३ सिंचाई नीतिका उद्देश्यहरु ........ ४

भाग २
२.१ सिंचाई प्रणालीहरुको वर्गीकरण ........ ६
२.२ सिंचाई विकासको लागि नीतिगत व्यवस्था ........ ६
२.३ जल उपभोक्ता संस्था गठन एवं जनसहभागिता मूलक व्यवस्था ........ १०
२.४ श्रोत परिचालन ........ ११
२.५ सिंचाई कार्यक्रम कार्यान्वयनका नीतिगत आधार, कार्यविधि एवं जवाफदेही ........ १२
२.६ सिंचाई सेवा शुल्क ........ १६
२.७ अनुगमन तथा मूल्याङ्कन ........ १८

भाग ३
३.१ वातावरणीय प्रतिकूल प्रभावको स्तर न्यून राख्ने तर्फ आवश्यक व्यवस्था ........ १९

भाग ४
४.१ प्रविधि विकास तथा प्राविधिक जनशक्ति सुदृढीकरण एवं सशक्तीकरण ........ २०
४.२ कृषि विकाससंग सम्बन्धित निकायहरुबाट उपलब्ध गराउने सेवा ........ २१
४.३ गैर सरकारी संघ संस्था ........ २१
४.४ नीति अद्यावधिक गर्ने एवं कार्यविधि बनाई कार्यान्वयन गर्ने व्यवस्था ........ २२

भाग ५
५.१ विविध ........ २४

अनुसूची
अनुसूची १ ........ २५
अनुसूची २ ........ २६
अनुसूची ३ ........ २७

# सिंचाई नीति २०४९
## (प्रथम संशोधन २०५३)
# भाग १

## १.१ पृष्ठभूमि

देशमा कृषि विकासको लागि सिंचाईको अत्यन्त महत्वपूर्ण भूमिका रहने भए तापनि कूल सिंचाई सम्भाव्य क्षेत्रको ३० प्रतिशत क्षेत्रमा मात्र हालसम्म सिंचाई सुविधा पुऱ्याउन सकिएको छ । त्यस मध्ये ७० प्रतिशत क्षेत्र कृषकहरुले परम्परागत रुपमा निर्माण, संभार र संचालन गर्दै आएका सिंचाई प्रणाली भित्र पर्दछ र बाँकी ३० प्रतिशत श्री ५ को सरकारबाट सतह र भूमिगत जल सम्बन्धी विभिन्न प्रविधि प्रयोग गरी विकास तथा संचालन भएका सिंचाई प्रणाली भित्र पर्दछ । एकातिर श्री ५ को सरकारबाट संचालित आयोजनाहरुको मर्मत संभार तथा संचालनको काम उपभोक्ताहरुको संस्थागत सहभागिताको कमीका साथै अन्य प्रशासनिक र प्राविधिक कारणहरुले गर्दा प्रभावकारी रुपमा हुनसकेको छैन भने अर्कोतिर परम्परागत रुपमा किसानबाट संचालित प्रणालीहरु भूक्षय, वन जंगलको विनाश र अन्य कतिपय कारणहरुले गर्दा खोलानालाको मुहान, जमीन मुनि रहेको पानीको सतह तथा नहर प्रणालीहरुको अवस्था बिग्रन गई यी प्रणालीहरुबाट जल उपभोक्ताहरुले कृषि उत्पादनमा आवश्यक वृद्धि ल्याउन सकिरहेका छैनन् । यस स्थितिको सुधारका लागि जलउपभोक्ता कृषकहरु र श्री ५ को सरकार बीच निश्चित सामूहिक समझदारी र पारस्परिक सहभागितामा सबै आयोजनाहरुको निर्माण, नवीकरण सुधार, मर्मत संभार र संचालन हुन जरुरी देखिन्छ । यही मान्यतालाई आधार मानि सिंचाई विकास प्रति रहेको श्री ५ को सरकारको प्रतिबद्धता, पंचवर्षीय योजनामा राष्ट्रिय योजना आयोगबाट निर्धारित विकासको दिशा र प्राथमिकता, जनसहभागिताको आधारमा विगतका वर्षहरुमा संचालित आयोजनाहरुमा किसानहरुले देखाएको चाहना, क्षमता र यी आयोजनाहरुबाट प्राप्त अनुभवहरुको आधारमा देशमा सिंचाई विकास कार्यक्रमहरु संचालन गर्न सिंचाई नीति २०४९ मा समयानुकूल सुधार आवश्यक भएको संदर्भमा श्री ५ को सरकारबाट प्रचलित

सिंचाई नीतिलाई अद्यावधिक गरिएको छ । यस नीतिको कार्यान्वयनका लागि आवश्यक कार्यविधि पनि श्री ५ को सरकार, जलश्रोत मन्त्रालय, सिंचाई विभागले बनाई लागू गर्ने छ ।

## १.२ परिभाषा

१.२.१ तराईका सतह तथा भूमिगत जल सिंचाई आयोजनाहरुको नहर प्रणालीलाई निम्न अनुसार परिभाषित गरी एकरुपता ल्याइनेछः

(क) सिंचाई आयोजना भन्नाले श्री ५ को सरकारले यस नीति अनुरुप निर्माण गर्दै रहेको या नीति लागू हुनु भन्दा पहिले नै निर्माण कार्य पूरा गरी सिंचाई विकास समिति अन्तर्गत संचालन भइरहेको आयोजनालाई जनाउँछ ।

(ख) सिंचाई प्रणाली भन्नाले श्री ५ को सरकारले यस नीति अनुरुप या नीति लागू हुनु भन्दा पहिले नै निर्माण पूरा गरी मर्मत संभार तथा संचालन स्तरमा रहेको र हस्तान्तरण गरी सकेको आयोजनालाई जनाउँछ ।

(ग) *मूल नहर (Main Canal):* मुहानबाट निस्कने नहर ।

(घ) *शाखा नहर (Secondary Canal):* मूल नहरबाट निस्कने नहर ।

(ङ) *प्रशाखा नहर (Sub-secondary Canal):* मूल वा शाखा नहरबाट निस्कने र ३० हेक्टर भन्दा माथि ५०० हेक्टर सम्मको कमाण्ड क्षेत्र भएको नहर ।

(च) *कुलो (Tertiary Canal):* माथिका नहर मध्ये कुनैबाट निस्कने र १० हेक्टर भन्दा माथि ३० हेक्टरसम्म कमाण्ड क्षेत्र भएको ।

(छ) *कुलेसो (Water Course):* माथिका नहरमध्ये कुनैबाट निस्कने र १० हेक्टर वा सो भन्दा कम कमाण्ड क्षेत्र भएको ।

(ज) परिभाषा अनुसार मूल र शाखा नहरको लागि क्षेत्रफलको बन्देज रहने छैन ।

(झ) मूल नहरको एउटै बिन्दुबाट शाखाहरु फाटेर जाने भएमा र यस्ता शाखा नहरको कमाण्ड क्षेत्र ५०० हेक्टर भन्दा बढी भएमा यस्तालाई दायाँ शाखा, बायाँ शाखा, वा पूर्वी शाखा, पश्चिमी शाखा आदि नामाकरण गर्न सकिने छ ।

(ञ) भूमिगत जल सिंचाई प्रणालीको हकमा ४० देखि १२० हेक्टर सम्म सिंचाई उपलब्ध गराउने नहरलाई मूल नहर र २ देखि २.५ हेक्टर कमाण्ड क्षेत्र भएको नहरलाई कुलो भनिने छ ।

१.२.२ पहाडमा १०० हेक्टरसम्म, १०० हेक्टर देखि ५०० हेक्टरसम्म र ५०० हेक्टर भन्दा माथिका सिंचाई क्षेत्र भएका सिंचाई प्रणाली/आयोजनालाई क्रमश: साना, मझौला र ठूला भनि मानिने छ । तराईमा ५०० हेक्टरसम्म, ५०० हेक्टर देखि २००० हेक्टरसम्म र २००० हेक्टर भन्दा माथिका सिंचाई क्षेत्र भएका सिंचाई प्रणाली/आयोजनालाई क्रमश: साना, मझौला र ठूला मानिने छ ।

१.२.३ यस नीतिमा:

(अ) जल उपभोक्ता संस्था भन्नाले सिंचाईको लागि जल उपयोग गर्ने कृषकहरुले जलश्रोत ऐन, २०४९ अन्तर्गत मान्यता प्राप्त गरी स्थापित र व्यवस्थित गरेका अविछिन्न उत्तराधिकारवाला स्वशासित संस्था र यस संस्थाको संगठनात्मक ढांचाभित्र सिंचाई प्रणाली/आयोजनाको प्रकृति र विस्तार अनुसार रहेका उपभोक्ताहरुको साधारण सभा, विभिन्न तहका समिति र समन्वयकारी निकायहरुलाई सम्झनु पर्दछ ।

(आ) उपभोक्ताले व्यहोर्ने न्यूनतम लागत अंश भन्नाले सिंचाईको विकास र सुदृढीकरण गर्न जल उपभोक्ताहरुले सिंचाई नीति अनुरुप निर्माण र यसको लागि लाग्ने जमीनको लागतको खूद व्यहोर्नु पर्ने न्यूनतम अंश सम्झनु पर्दछ ।

१.२.४ सिंचाई सेवा शुल्क भन्नाले सिंचाई सेवा उपलब्ध गराए वापत जलउपभोक्ताहरुवाट उठाइने शुल्कलाई जनाउँछ ।

## १.३ सिंचाई नीतिका उद्देश्यहरु

१.३.१ छिटो, छरितो, दिगो र भरपर्दो तथा वातावरण अनुकूलको सिंचाई प्रणालीको विकास गर्ने ।

१.३.२ निजी क्षेत्रमा स्वशासित रहेर परम्परागत रुपमा किसानहरुद्वारा निर्मित र संचालित सिंचाई प्रणाली तथा आयोजनाहरुमा जनसहभागिता परिचालन गरी थप नयाँ निर्माण तथा नवीकरण सुधार कार्यक्रम संचालन गर्ने तथा यस्ता सिंचाई प्रणाली तथा आयोजनाहरुको मर्मत संभार कृषकहरुवाट संचालन गराउन आर्थिक श्रोत परिचालन, पानीको उपयोग तथा वितरण सम्बन्धमा उपभोक्ता समूहलाई सक्षम र सुदृढ गराउँदै लैजाने ।

१.३.३ प्राविधिक, आर्थिक, संस्थागत र वातावरणीय दृष्टिबाट धान्न सकिने र छोटो अवधिमानै बढी प्रतिफल दिने खालका सिंचाई विकास तथा विस्तार कार्यक्रमहरुमा लागत प्रभावकारी रुपमा लगानी गरी कृषकको खेतमा आवश्यक समयमा आवश्यक मात्रामा पानी पुऱ्याई कृषि उत्पादनमा बृद्धि गर्ने लक्ष्य लिई सिंचाई सेवाको विश्वसनीयता स्थापित गर्ने ।

१.३.४ जलस्रोतका बहुउद्देश्यीय आयोजनाहरुमा सिंचाईलाई प्रमुख अगको रुपमा राख्ने नीति अपनाउनुको साथै विभिन्न वेसिन, सव वेसिनमा संभाव्य सिंचाई प्रणालीहरुको अद्यावधिक सूची तयार गर्ने परिपाटी बसाल्ने. ।

१.३.५ जलस्रोतको सम्भाव्यता अनुकूल सिंचाई विकासमा क्षेत्रीय सन्तुलनको दृष्टिकोणलाई स्थापित गर्ने ।

१.३.६ सिंचाईको विकास र विस्तार कार्यमा संलग्न सरकारी र दातृ संस्थाहरुको कार्यान्वयन प्रक्रियामा एकरुपता ल्याउने ।

१.३.७ सिंचाई विकास कार्यान्वयनका विभिन्न चरणहरूमा आयोजनाको प्रभावकारितामा प्रतिकूल असर नपर्ने गरी संगठित उपभोक्ताहरूको सहभागिता क्रमश: बढाउँदै लगी निर्माण, मर्मत सभार र संचालनमा सरकारी दायित्व घटाउँदै लैजानुका साथै कार्यक्रम कार्यान्वयनका विभिन्न चरणमा संगठित उपभोक्ताहरूको भूमिका र जिम्मेवारी बढाउँदै लैजाने ।

१.३.८ सिंचाई प्रविधि तथा व्यवस्थापन विधिहरूमा विभागीय इकाईहरूको अनुसन्धान तथा तालीम क्षमता अभिवृद्धि गराउने ।

१.३.९ सिंचाई आयोजनाहरूको पुनर्निर्माण कार्य बारम्बार सरकारी संलग्नतामा गर्नु पर्ने परम्परा हटाउनका लागि सिंचाई सेवा शुल्क उपभोक्ता संस्थाले उठाउन सक्ने कानूनी व्यवस्था गरी उठेको रकम सिंचित कृषि प्रणालीको विकास र व्यवस्थापनमा खर्च गर्ने परिपाटीको व्यवस्था गर्ने ।

# भाग २

## २.१ सिंचाई प्रणालीहरुको वर्गीकरण

यस नीति अनुरुप संचालन हुने कार्यक्रमहरुको लागि सिंचाई प्रणालीहरुको वर्गीकरण निम्न बमोजिम गरिएको छ:

(अ) जल उपभोक्ताद्वारा संचालित र भविष्यमा संचालन हुने सिंचाई प्रणाली ।

(आ) जलउपभोक्ता संस्थालाई हस्तान्तरण गरिने सरकारी सिंचाई प्रणाली ।

(इ) सरकार र जलउपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा रहने सिंचाई प्रणाली वा राष्ट्रिय आवश्यकता अनुसार बहुउद्देश्यीय आयोजना/प्रणालीहरु अन्तर्गतको सिंचाई उप-प्रणाली ।

(ई) व्यक्तिगत सिंचाई प्रणाली ।

## २.२ सिंचाई विकासको लागि नीतिगत व्यवस्था

२.२.१ जल उपभोक्ताद्वारा संचालित वा संचालन हुन सक्ने सिंचाई प्रणालीको व्यवस्था:

(क) यस कार्यक्रम अन्तर्गत सामूहिक रुपमा उपभोक्ताको स्वामित्वमा रहेका वा रहने पहाड वा तराईका साना, मझौला र ठूला सबै प्रकारका आयोजनाहरु पर्नेछन्।

(ख) सिंचाई विकास र विस्तारको कार्यक्रम बहुसंख्यक कृषकहरुको मागको आधारमा मात्र लागू गरिने छ । यस्ता आयोजनाहरुको कार्यान्वयनमा शुरु देखि नै संगठित उपभोक्ताहरुको पूर्ण सहभागिता रहने छ र उपभोक्ता

सम्पादन सम्झौता अनुरुप काम सकिएपछि प्रणाली सञ्चालन र व्यवस्थापनको पूर्ण दायित्व उपभोक्ता संस्थामा रहनेछ ।

(ग) उपभोक्ताहरुद्वारा सञ्चालित सिंचाई प्रणालीहरुको संस्थागत सुधार गरी कृषि उत्पादनमा वृद्धि गराउन सकिने खालका सिंचाई प्रणालीहरुलाई सुधार गर्न बढी प्राथमिकता दिइनेछ ।

(घ) यस्ता आयोजना निर्माण, नवीकरण र सुधारका लागि आवश्यक पर्ने सम्पूर्ण जमीन उपभोक्ताहरुले उपलब्ध गराउनु पर्नेछ र आवश्यक जमीन संगठित उपभोक्ताहरुद्वारा उपलब्ध गराउने सम्झौता नभएसम्म सम्बद्ध सिंचाई कार्यालयले आयोजना कार्यान्वयन गर्ने छैन । यस्ता नयाँ आयोजनाका हकमा नहरबाट सिंचाई शुरु नभए सम्मको लम्बाई (Idle Length) मा परेको जग्गाको मुआब्जा श्री ५ को सरकारले दिन सक्ने छ ।

२.२.२ जलउपभोक्ता संस्थालाई सिंचाई प्रणाली हस्तान्तरण गर्ने व्यवस्था:

(क) हाल सरकारी स्तरमा सञ्चालित आयोजनाहरु मध्ये पहाडमा ५०० हेक्टर र तराईमा २००० हेक्टरसम्म सिंचित क्षेत्र भएका सिंचाई आयोजनाहरु जल उपभोक्ता संस्थाहरुलाई हस्तान्तरण गरिने छन् । योजनाको प्राविधिक पक्ष तथा कृषकहरुको संस्थागत क्षमतालाई हेरी उपरोक्त क्षेत्रफल भन्दा बढी क्षेत्रफल भएका आयोजनाहरु समेत प्राथमिकताको आधारमा जल उपभोक्ता संस्थालाई क्रमशः हस्तान्तरण गर्ने प्रयास गरिने छ ।

(ख) हाल सरकारी स्तरमा संचालित तर जल उपभोक्ता संस्थाहरुलाई हस्तान्तरण गरिने सिंचाई आयोजनाहरुमा उपभोक्ता संस्थाको गठन तथा सुदृढीकरणको कार्यक्रम तयार गरी सिंचाई प्रणालीको संचालन र मर्मत संभार उपभोक्ता संस्थाले नै गर्ने गरी उपभोक्ता संस्थाको सहमति एवं सहभागिताको आधारमा मात्र नवीकरण एवं सुधार सम्बन्धी कार्यहरु लागू गरिनेछन् ।

(ग) हस्तान्तरित सतह र भूमिगत सिचाइ प्रणालीहरुमा श्री ५ को सरकारले पानीपोत असुल गर्ने छैन । आफूले गर्नु पर्ने मर्मत सम्भार र सचालनको लागि सम्बन्धित जलउपभोक्ता संस्थाले उपभोक्ताहरुबाट सिचाई सेवा शुल्क असुल गर्न सक्नेछ ।

(घ) श्री ५ को सरकारले उपभोक्ता संस्थालाई पूर्णतया हस्तान्तरण गर्न पहिचान गरेका आयोजनाहरुमा उपभोक्ता संस्थाले कार्यक्रम कार्यान्वयनमा सहभागी हुन नचाहेको खण्डमा त्यस्ता आयोजनाहरुमा श्री ५ को सरकारले मर्मत संभार तथा संचालनको काम बन्द गर्ने छ ।

(ङ) हस्तान्तरित सिंचाई प्रणाली र तत्सम्बन्धी संरचनाको संचालनको अधिकार र संरक्षणको दायित्व श्री ५ को सरकार द्वारा मान्यता प्राप्त जल उपभोक्ता संस्थाको हुनेछ । हस्तान्तरण पछि सिंचाई प्रणालीको मर्मत संभार तथा संचालनको सम्पूर्ण अभिभारा उक्त जल उपभोक्ता संस्थाको हुनेछ । जल उपभोक्ता संस्थाको क्षमताले नभ्याउने प्राविधिक सहयोग माग भई आएमा यस्तो सहयोग श्री ५ को सरकारले उपलब्ध गराउन सक्ने छ ।

(च) सिंचाई प्रणाली हस्तान्तरण गर्दा सिंचाई सुविधा र सम्बद्ध संरचनाहरुको उचित विकास र उपयोगको लागि सम्बद्ध सरकारी निकायले जल उपभोक्ता संस्थासंग आवश्यक संझौता गर्ने छ ।

२.२.३ सरकार र जलउपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा रहने सिंचाई प्रणाली वा बहुउद्देश्यीय आयोजना अन्तर्गतको सिंचाई उप प्रणाली सम्बन्धी व्यवस्था:

(क) सरकारद्वारा निर्मित साधारणतया पहाडमा ५०० हेक्टर र तराईमा २००० हेक्टर भन्दा ठूला सिंचाई आयोजनाहरुको संचालन, मर्मत संभार तथा व्यवस्थापन सम्बन्धी कामहरु

सम्बन्धित सिंचाई कार्यालय र जल उपभोक्ता संस्थाहरुबाट संयुक्त रुपमा गराउन क्रमबद्ध कार्यक्रमहरु लागू गरिनेछ। यस्ता आयोजनाहरुमा व्यवस्थापनको स्पष्ट उद्देश्य र दायित्व किटान गरी सम्पादन स्तरमा सुधार हासिल गरिनेछ।

(ख) यस्ता आयोजनाहरुमा संयुक्त व्यवस्थापन प्रणाली लागू गर्न आयोजना क्षेत्रलाई सिंचाईका निमित्त पानी आपूर्तिको परिमाण, भू-बनोट (Topography) र नहर प्रणालीहरुको रुपरेखा (Canal Networks) का साथै जल सीमाना (Hydrological Boundary) को आधारमा विभिन्न ब्लकहरुमा विभाजन गरिनेछ।

(ग) उपभोक्ता संस्थाले व्यवस्थापन गर्ने सिंचाई ब्लकहरुमा रहेका नहर, सिंचाई संरचनाहरुको नवीकरण, मर्मत सम्भार तथा संचालनको दायित्व उपभोक्ता संस्थामा रहनेछ र यस्ता उपभोक्ता संस्थालाई आफ्नो सिंचाई ब्लक भित्र पानीको वितरण एवं व्यवस्थापनमा स्वायत्तता हुनेछ। उपभोक्ताको सामूहिक चाहना अनुरुप सम्पूर्ण आयोजनाको एउटै जल उपभोक्ता संस्था वा बेग्ला बेग्लै तह र क्षेत्रको लागि छुट्टा छुट्टै स्वायत्त कानूनी संस्थाको व्यवस्था हुन सक्नेछ। तर यस्तो छुट्टा छुट्टै स्वायत्तता कायम भएका संस्थाहरु भएमा आयोजना तहमा त्यस्ता संस्थाहरुको एउटा समन्वय समिति हुनेछ।

(घ) उपभोक्ता संस्थाले व्यवस्थापकीय दायित्व लिएको सिंचाई प्रणालीका ब्लकहरु भन्दा माथिल्लो भागको सिंचाई खण्डको नयाँ निर्माण, मर्मत संभार र व्यवस्थापनको जिम्मेवारी सम्बन्धित सिंचाई कार्यालयको हुनेछ।

(ङ) निर्माणाधीन तथा नयाँ निर्माण गरिने तराईका सिंचाई प्रणालीहरुको ३० हेक्टर क्षेत्रफलसम्मको ब्लक भएका चक्ला सिंचित गर्ने कूलो निर्माणको लागि आवश्यक पर्ने जमीन उपभोक्ताले नै उपलब्ध गराउनु पर्नेछ। विभाजन गरिएका

ब्लकहरुको संचालन तथा मर्मत संभारको पूर्ण जिम्मेवारी सिंचाई सुविधा उपलव्ध गराएको एक वर्ष भित्रमा सम्बन्धित तहको उपभोक्ता संस्थाले लिनु पर्नेछ । सम्बन्धित उपभोक्ताहरुको जमीन सिंचित गर्ने कुलेसों (Water Course) हरुको निर्माण सम्वन्धित उपभोक्ता संस्था अन्तर्गत रही उपभोक्ताहरु आफैले गर्नु पर्नेछ ।

२.२.४ व्यक्तिगत सिंचाई प्रणाली सम्बन्धी व्यवस्था:

(क) कुनै पनि प्रविधि उपयोग गरी तराईमा २५ हेक्टर र पहाडमा १० हेक्टर भन्दा कम सिंचित क्षेत्र भएको छुट्टा छुट्टै रुपमा रहेका वा रहने सिंचाई प्रणालीलाई व्यक्तिगत व्यवस्थापन अन्तर्गतको सिंचाई प्रणाली भनेर चिनिने छ ।

(ख) व्यक्तिगत व्यवस्थापनमा रहने सिंचाई प्रणालीहरुको विकास र प्रवर्द्धनका लागि वैंकिंग एवं गैर सरकारी क्षेत्रमा निजी र सार्वजनिक संस्थाहरुले आयोजना र कार्यक्रम कार्यान्वयन गर्ने छन् । यस्ता आयोजनाहरु संचालन गर्दा थप पारिवारिक आय वृद्धि हुने र प्रत्यक्ष फाइदा देखिने गरी संचालन गरिनेछ । यस नीतिमा उल्लिखित कुनै पनि कुराले तराईमा २५ हेक्टर र पहाडमा १० हेक्टर भन्दा बढी क्षेत्र भएका ठाउंमा पनि सिंचाई प्रणालीको विकास र प्रवर्द्धन गर्नका लागि बैकिङ्ग एवं गैर सरकारी तथा सार्वजनिक संस्थाहरुलाई वाधा पुऱ्याउने छैन ।

(ग) व्यक्तिगत सिंचाई आयोजनाका उपभोक्ताले आफ्नो हकको पानी अन्य कृषकलाई वेच विखन गर्न सक्ने छ ।

## २.३ जल उपभोक्ता संस्था गठन एवं जन सहभागिता मूलक व्यवस्था

२.३.१ सिंचाई प्रणालीको स्वरुप र विस्तारको आधारमा जलउपभोक्ता संस्थाको ढांचा हुनेछ । उपभोक्ता संस्थालाई कानूनी मान्यता प्रदान गरिनुको साथै उनीहरुलाई वहुउद्देश्यीय संस्थाको रुपमा वढी

स्वावलम्वी र सुदृढ वनाउंदै लगिनेछ । जलउपभोक्ता संस्थाको सवै कार्यकारिणी अंगमा कम्तिमा २० प्रतिशत महिला उपभोक्ता हुनु पर्ने तर्फ आवश्यक जोड दिइनेछ । आयोजना स्वीकृत भै कार्यान्वयनमा आउनु अघि यस्तो जलउपभोक्ता संस्थाको आधिकारिक दर्ता भइसकेको हुनु पर्ने छ ।

२.३.२ नीति निर्माण तथा कार्यान्वयनका विभिन्न स्तरमा उपभोक्ता संस्थाको उत्तरदायित्वपूर्ण सहभागिता गराई देशको सिंचाई विकासमा समयोचित उपलब्धि हासिल गर्न जलउपभोक्ता संस्थाहरुलाई महासंघ निर्माण गर्दै जान या माथिल्लो तहमा जल उपभोक्ता समन्वय समितिहरु गठन गर्दै लैजान प्रोत्साहन दिइनेछ ।

२.३.३ सिंचाई आयोजनाको पहिचान र छनौट देखि निर्माण, मर्मत संभार र संचालन, अनुगमन र मूल्याङ्कन सम्मका हरेक चरणहरुमा गरिने निर्णयहरुमा उपभोक्ताहरुको सहभागिता विस्तृत गराउंदै लगिनेछ ।

## २.४ श्रोत परिचालन

२.४.१ यस नीति अनुसार संचालन हुने कार्यक्रमहरु र ती अन्तर्गतका सिंचाई आयोजनाहरुका लागि उपभोक्ताले व्यहोर्नु पर्ने न्यूनतम लागत अंश अनुसूची-१ र २ मा तोकिए बमोजिम हुनेछ । उपभोक्ताले व्यहोर्नु पर्ने लागत अंश भौतिक रुपमा सिंचाई प्रणालीको निर्माण, नवीकरण वा सुधारको कूल लागत अनुमानको अंशको रुपमा नै उपयोग गरिनु पर्नेछ । व्यक्तिगत बाहेक अन्य सवै प्रकारका नयां आयोजनाको लागत अनुमान तयार पार्दा विकास खर्चका साथै नहरमा पर्ने जमीनको मूल्य पनि समावेश गरिने छ ।

२.४.२ यस नीतिको अनुसूची-१ र २ अनुसार उपभोक्ता संस्थाले आयोजनाको लागि व्यहोर्नु पर्ने लागत अंशको अतिरिक्त अनुमानित लागतको ०.५ प्रतिशतले हुन आउने रकम मर्मत संभार कोषको रुपमा जल उपभोक्ता संस्थाले आयोजनाको कार्य शुरु हुनु अगावै सम्वन्धित सिंचाई कार्यालय र उपभोक्ता संस्थाको संयुक्त खातामा जम्मा गर्नु पर्नेछ । यसरी संकलित रकम र सो को व्याज सिंचाई आयोजनाको

निर्माण सुधार पूरा भएपछि उपभोक्ता संस्थालाई हस्तान्तरण गरिने छ । सो रकम सिचाई प्रणालीको सचालन, मर्मत वा नवीकरण गर्ने उद्देश्यको लागि उपभोक्ता संस्थाले प्रयोग गर्न सक्नेछ ।

२.४.३ निर्माण कार्यको भुक्तानी गर्दा उपभोक्ताको तर्फवाट जम्मा भएको लागत अंशको प्रतिशतको आधारमा संयुक्त खातामा जम्मा भएको रकमवाट पनि समानुपातिक रुपले खर्च मिलान गर्दै जानु पर्ने छ । भूमिगत सिंचाईको हकमा ट्यूववेलहरुको परीक्षण भईसकेपछि यो नीतिगत व्यवस्था लागू हुनेछ ।

२.४.४ काम गर्दै जादा शुरुको लागत अनुमान भन्दा घटी/वढीमा काम हुने भएमा सोही अनुपातमा उपभोक्ताले व्यहोर्नु पर्ने लागत अंश थप्नु पर्ने वा फिर्ता गर्नु पर्ने छ ।

२.४.५ शुरु भएको आयोजना कुनै अप्रत्याशित र नियन्त्रण भन्दा वाहिरको कारणवाट स्थगित गर्नु पर्ने स्थिति आएमा श्री ५ को सरकारले त्यस्ता आयोजनामा थप लगानी गर्ने छैन र उपभोक्ताले जम्मा गरेको बाकी लागत अंश फिर्ता गरिने छ ।

२.४.६ यस नीति अनुरुप आयोजना कार्यान्वयन गर्दा जल उपभोक्ता संस्थाले मर्मत संभार कोष दाखिला गरी उपभोक्ताले व्यहोर्नु पर्ने जनसहभागिता वापतको संपूर्ण कार्यको १५ प्रतिशत कार्य पूरा भए पछि मात्र आयोजनाको निर्माण कार्य गर्न सरकारी श्रोतको उपयोग गरिने छ ।

## २.५ सिंचाई कार्यक्रम कार्यान्वयनका नीतिगत आधार, कार्यविधि एवं जवाफदेही

२.५.१ सिंचाई विकास कार्यक्रममा सहभागी हुन सवैलाई समान अवसर प्राप्त हुन सकोस् भन्ने उद्देश्यले कार्यक्रम लागू गर्नु भन्दा अगावै, निर्माण र संचालनको समयमा सम्पूर्ण लक्षित समूह र सम्वन्धित निकायका कर्मचारीलाई कार्यक्रम सम्वन्धी आधारभूत जानकारी उपलव्ध गराउन आवश्यक तालिम, वैठक, भेला, कार्यशाला गोष्ठी

आदि संचालन गर्नुको साथै जनसंचारका माध्यमहरुको पनि प्रयोग गरिनेछ । यस प्रयोजनका लागि सिंचाई विकास कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले आवश्यक बजेट व्यवस्थाका साथै सम्बन्धित सरकारी र गैर सरकारी क्षेत्रका संस्थाहरुको सेवा लिनेछ ।

२.५.२ सिंचाई विकास कार्यक्रमलाई कृषि विकास कार्यक्रमसंग आवद्ध गर्ने उद्देश्यले सिंचाई आयोजनाहरुको पहिचान र छनौटको काम देखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका कामहरुमा समेत सिंचाई विभाग र कृषि विभागको जिल्ला, क्षेत्रीय र केन्द्रीय कार्यालयहरु बीच निकटस्थ कार्यगत एकता र समन्वय कायम राखिनेछ । यस प्रयोजनका लागि जिल्ला स्तरमा एप्राइजल कमीटी तथा क्षेत्रीय स्तरमा एप्राइजल तथा एप्रुभल कमीटी रहनेछन् । केन्द्रीय स्तरमा कृषि र सिंचाई विभागका महानिर्देशकहरुको संयोजकत्वमा २/२ महिनामा निजहरुकै कार्यकक्षमा पालै पालो वस्ने गरी कृषि र सिंचाई समन्वय समिति रहनेछ र यस समितिमा सिंचाई, कृषि र सम्वद्ध वैंकका अधिकृतहरु रहनेछन् ।

२.५.३ आयोजनाको निर्माण, कार्यान्वयन, संचालन वा व्यवस्थापन सम्बन्धमा पारदर्शिता अपनाई सम्बन्धित सिंचाई कार्यालय र जल उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार स्पष्ट हुने गरी जल उपभोक्ता संस्थासंग औपचारिक रुपमा सम्झौता गरेपछि मात्र श्री ५ को सरकारले आयोजनामा लगानी गर्नेछ । यही सम्झौतालाई आयोजना सम्बन्धी श्रोत परिचालनको आधार मानिने छ ।

२.५.४ सम्झौता अनुरुप श्री ५ को सरकारले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको कारणबाट उपभोक्तालाई नोक्सान पर्न गएमा उपभोक्ता संस्थाले सम्झौता अनुरुप क्षतिपूर्तिको माग गर्न पाउने छ ।

२.५.५. उपभोक्ता संस्थाले सम्झौता अनुरुप गर्नु पर्ने काम मनासिव समयमा पूरा नगरेमा श्री ५ को सरकारले लगानी स्थगित गरी उपभोक्ता संस्थाले जम्मा गरेको रकम समेत रोक्का गर्न सक्ने छ र रकम रोक्का भएको निर्णयको सूचना सम्बन्धित सिंचाई कार्यालयले उपभोक्ता संस्थालाई अविलम्ब दिनु पर्नेछ । रकम रोक्का गर्ने

निर्णय भएको लगत्तै उपभोक्ता संस्थाले सम्झौता अनुरुप काम नथालेमा श्री ५ को सरकारले रोक्का गरेको रकम सम्बन्धित सिंचाई कार्यालयले राजस्व खातामा दाखिला गर्नेछ ।

२.५.६ राष्ट्रिय स्तरका वृहत् मझौला तथा बहुउद्देश्यीय सिंचाई आयोजनाहरुको पहिचान गरी यस्ता आयोजनाहरुको निर्माण, संचालनको लागि प्राथमिकताक्रम निर्धारण गरेर मात्र आयोजना कार्यान्वयन गरिने छ ।

२.५.७ श्री ५ को सरकारको प्राथमिकता र नीति प्रतिविम्बित हुने गरी सिंचाई विभागले आयोजना छनौटको लागि वस्तुगत आधार सूची तयार पारी सम्बद्ध सबै सिंचाई विकास र व्यवस्थापनसंग सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराउने छ । यसरी छनौट भई आएका आयोजनालाई कार्यान्वयनका लागि अघि बढाउन जिल्ला तहमा एप्राइजल कमिटी रहनेछ । यस एप्राइजल कमिटीमा जिल्ला सिंचाई कार्यलयको प्रमुख संयोजक रहनेछ र कमिटिका अन्य सदस्यहरुमा जिल्ला कृषि विकास कार्यालय, सम्बद्ध बैंकका प्रतिनिधिहरु रहनेछन् । आवश्यकता अनुसार एप्राइजल कमिटीले अन्य निजी र सरकारी निकायका प्रतिनिधिहरुलाई कमिटीको बैठकमा आमन्त्रित गर्न सक्नेछ । रु. १,०००,०००।- सम्म पर्ने आयोजनाको हकमा यस्तो आयोजनालाई एप्राइजल कमिटीले एप्राइज गरिसकेपछि क्षेत्रीय सिंचाई निर्देशकले स्वीकृति प्रदान गर्नेछ । रु. १,०००,०००।- (दश लाख) भन्दा बढी र रु. १०,०००,०००।- (एक करोड) सम्म पर्ने आयोजनाको हकमा जिल्ला एप्राइजल कमिटीले ती आयोजनाहरुको एप्राइजल गरी क्षेत्रीय एप्राइजल र एप्रोभल कमिटीमा प्रस्तुत गर्न क्षेत्रीय सिंचाई निर्देशनालयमा पठाउने छ । यस्ता आयोजनाको हकमा क्षेत्रीय एप्राइजल र एप्रोभल कमिटीले स्वीकृति प्रदान गर्ने छ । क्षेत्रीय एप्राइजल र एप्रोभल कमिटीका संयोजकमा क्षेत्रीय सिंचाई निर्देशक रहनेछ र अन्य सदस्यहरुमा क्षेत्रीय तहका राष्ट्रिय योजना आयोग, कृषि विभाग, सम्बद्ध बैंकका प्रतिनिधिहरु रहनेछन् । क्षेत्रीय एप्राइजल र एप्रोभल कमिटीले आश्यकता अनुसार अन्य निजी, उपभोक्ता समिति र सरकारी निकायका प्रतिनिधिहरुलाई कमिटीको बैठकमा आमन्त्रित गर्न सक्नेछ । रु. १०,०००,०००।-

(एक करोड) भन्दा बढी लागत भएको आयोजनाको हकमा जिल्ला एप्राइजल कमिटीबाट प्राप्त आयोजना प्रस्तावलाई क्षेत्रीय एप्राइजल र एप्रोभल कमिटीले अध्ययन गरी सिफारिश सहित सिंचाई विभागका महानिर्देशक समक्ष प्रस्तुत गर्नेछ । यस्ता आयोजनालाई सिंचाई विभागका महानिर्देशकद्वारा गठित प्राविधिक समितिको सिफारिशमा महानिर्देशकले स्वीकृत गर्नेछ । विकास समिति अन्तर्गत संचालित आयोजनाहरूको हकमा आयोजना स्वीकृति र व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्वाहीहरु यस सिंचाई नीतिका सम्बद्ध व्यवस्थाहरु अन्तर्गत रही आयोजना स्वयंले कार्यान्वयन गर्नेछ । आयोजना कार्यान्वयनका दुई मुख्य आधारको रुपमा आन्तरिक आर्थिक प्रतिफल तथा प्रति हेक्टर लागतलाई लिइनेछ ।

२.५.८ यस नीति अन्तर्गत एक पटक श्री ५ को सरकारको अनुदान सहायता पाइसकेका जलउपभोक्ता संस्थाहरुले श्री ५ को सरकारबाट अर्को अनुदान सहायता प्राप्त गर्न आयोजना निर्माण पुरा भएको १५ वर्ष पछि मात्र साधारणतया योग्य भएको मानिने छ।

२.५.९ सिंचाई विकासमा संलग्न सरकारी तथा अर्धसरकारी संस्थाहरुको स्वरुपलाई कामको प्रकृतिको आधारमा विकेन्द्रित गरी हरेक तहको अधिकार र जवाफदेही स्पष्ट पारी विभिन्न तहहरु बीच नियन्त्रण एवं सन्तुलन (Check & Balance) सुनिश्चित गरिने छ।

२.५.१० कार्यक्रम कार्यान्वयन प्रक्रियामा संलग्न सबै तहका कर्मचारी र कार्यालयको काम स्पष्ट तोकिनेछ । हरेक तहमा संगठनात्मक इकाईले गर्ने सर्भे, योजना, डिजाइन, निर्माण, मर्मत संभार, संचालन, व्यवस्थापन, तालिम, अनुसन्धान, सूचना संकलन, अनुगमन, मूल्याङ्कन एवं अन्य सबै कार्यक्रम कार्यान्वयनका लागि कामको आधारमा स्पष्ट रुपमा बजेट व्यवस्था गरिनेछ ।

२.५.११ जलस्रोत उपयोगको सम्बन्धमा प्रचलित नियम, कानून तथा परम्पराको परिधि भित्र रही पानी उपयोग सम्बन्धमा अधिकार र कर्तव्यको खिचोला नपर्ने खालका आयोजनाहरुलाई प्राथमिकता दिई कार्यक्रम लागु गर्दै लगिनेछ ।

२.५.१२ सिंचाई क्षेत्रको विकासमा आन्तरिक श्रोतवाट वढी भन्दा वढी रकम परिचालन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि आवश्यक लगानीको अधिकतम अंश व्यहोर्न सक्षम र ईच्छुक जल उपभोक्ता संस्थालाई प्राथमिकता दिई कार्यक्रम सचालन गरिनेछ ।

## २.६ सिंचाई सेवा शुल्क

२.६.१ श्री ५ को सरकार आफै वा विकास समिति ऐन २०१३ अन्तर्गत गठित कुनै विकास समिति मार्फत सचालन गरिएका आयोजना/प्रणालीमा संयुक्त व्यवस्थापन लागू नभएसम्म सम्वन्धित सिंचाई कार्यालयले सिंचाई सेवा शुल्क उठाउने छ ।

२.६.२ सिंचाई सेवा शुल्क प्रत्येक वालीको लागि सिंचित क्षेत्रफलको आधारमा उठाइने छ ।

२.६.३ संयुक्त व्यवस्थापनमा संचालन हुने सिंचाई आयोजनामा सिंचाई सेवा उपलव्ध गराए वापत जलउपभोक्ताहरुवाट सिंचाई सेवा शुल्क उठाउने दायित्व श्री ५ को सरकारमा दर्ता भएको जलउपभोक्ता संस्थाको हुनेछ । यसरी सिंचाई सेवा शुल्कवाट उठेको रकम जलउपभोक्ता संस्थाको व्यवस्थापकीय सहभागिताको अनुपातमा अनुसूची-३ मा उल्लेख भए अनुसारको अंश सम्वन्धित जलउपभोक्ता संस्थाले राख्न पाउने छ र वाँकी रकम श्री ५ को सरकारको राजश्व खातामा जम्मा गर्नु पर्ने छ ।

२.६.४ जलउपभोक्ता संस्थाले उठाएको सिंचाई सेवा शुल्क उठ्नु पर्ने शुल्क भन्दा ८० प्रतिशत वा सो भन्दा कम भएमा अनुसूची-३ मा उल्लेख भएको जलउपभोक्ता संस्थाले पाउने अंशको ५० प्रतिशत मात्र जलउपभोक्ता संस्थाले राख्न पाउने छ । ८० प्रतिशत भन्दा बढी सिंचाई सेवा शुल्क उठेमा जलउपभोक्ता संस्थाले अनुसूची-३ अनुसार नै राख्न पाउने छ ।

२.६.५ सिंचाई कार्यालयले सिंचाई सेवा शुल्क उठाउने कार्यको लागि सम्वन्धित जलउपभोक्ता संस्थालाई आवश्यक सहयोग पुऱ्याउनु उसको कर्तव्य हुनेछ । सिंचाई आयोजना/प्रणालीमा सिंचाई सेवा

शुल्क उठाउने जलउपभोक्ता संस्थाले कुन वालीमा कस्ले कस्ले कति कति क्षेत्रफलमा सिंचाई सुविधा पाएको छ, सो को लगत राख्नु पर्ने छ र त्यसको एक प्रति सम्वन्धित सिंचाई कार्यालयलाई उपलब्ध गराउनु पर्ने छ ।

२.६.६ सिंचाई सेवा शुल्क उठाउने कार्यमा जलउपभोक्ता संस्थालाई सम्वन्धित मालपोत उठाउने निकायले सहयोग गर्ने छ । मालपोत उठाउने निकायले मालपोत उठाउंदा उपभोक्ताहरुले सम्वन्धित जलउपभोक्ता संस्थालाई सिंचाई सेवा शुल्क तिरेको रसिद पेश गरे पछि मात्र मालपोत उठाउने व्यवस्था मिलाउन सक्ने छ ।

२.६.७ संयुक्त व्यवस्थापनमा संचालन हुने/भइरहेका भिन्ना भिन्नै सिंचाई आयोजनाहरु/प्रणालीहरुमा भिन्ना भिन्नै सिंचाई सेवा शुल्क हुन सक्ने छ । आयोजनाहरुको सिंचाई सेवा शुल्क तोक्दा सम्वन्धित सिंचाई कार्यालय र जलउपभोक्ता संस्थाले संयुक्त रुपमा भू-बनोट, जलश्रोत र सिंचाईको किसिम, मर्मत सम्भारमा लाग्ने खर्च र वाली सघनतालाई समेत आधार मानी तोकिएको हुनु पर्नेछ ।

२.६.८ अनुसूची-२ वमोजिमको रकमले आफ्नो हिस्सामा परेको नहर प्रणाली मर्मत र संचालन गर्न नपुग हुने भएमा जलउपभोक्ता संस्थाको विधान भित्र रही संस्थाले निर्णय गरे वमोजिम जल उपभोक्ताले आवश्यक थप सेवा शुल्क उठाउन सक्ने छ ।

२.६.९ उपभोक्ताहरु आफैले निर्माण र संचालन गरेका, श्री ५ को सरकारवाट हस्तान्तरण भएका र व्यक्तिगत सिंचाई प्रणालीको लागि सिंचाई सेवा शुल्क उठाउंदा मर्मत, संभार, संचालन र व्यवस्थापनको जिम्मेवारी वहन गर्न आवश्यक पर्ने रकम हिसाव गरी पानी प्राप्त गर्ने संपूर्ण उपभोक्ताहरुबाट सम्वन्धित जलउपभोक्ता संस्थाले जिन्सी, श्रम, नगद वा यी सवै गरी उठाउन सक्नेछ। यस्ता प्रणालीमा सिंचाई सेवा शुल्क जलउपभोक्ता संस्थाको विधानमा प्रावधान गरिए अनुरुप संस्थाको निर्णयद्वारा तोकिने छ ।

२.६.१० सिंचाई सेवा शुल्क उठाउंदा भूमि सम्वन्धी ऐन २०२१ बमोजिम मोहियानी लागेको जग्गामा मोहिले र मोहियानी नलागेको जग्गामा जग्गाधनीले तिर्नु पर्ने छ ।

## २.७ अनुगमन तथा मूल्याङ्कन

२.७.१ कार्यक्रम कार्यान्वयनका हरेक तहमा आवश्यकता अनुसार अद्यावधिक भौगोलिक र व्यवस्थापकीय सूचना प्रणाली कायम गरी अनुगमन र मूल्याङ्कन (Monitoring and Evaluation) व्यवस्थालाई संस्थागत रुपमा सुदृढ गर्दै लगिने छ ।

२.७.२ सिंचाई आयोजनाहरुको मूल्यांकन गर्दा आन्तरिक आर्थिक प्रतिफल, सिंचित क्षेत्र, उपभोक्ता संस्थाको जिम्मेवारी र कार्यक्षेत्रमा भएका परिवर्तनहरुलाई समेत आधार मानिनेछ ।

२.७.३ प्रचलित सिंचाई नीति अनुरुप विभिन्न किसिमका सिंचाई आयोजनाहरु कार्यान्वयन गर्दा गराउँदा परेका असरहरुको मूल्याङ्कन गराउनका लागि सिंचाई विभागले स्वतन्त्र संस्था वा व्यक्तिद्वारा मूल्याङ्कन प्रतिवेदन तयार गर्न लगाउनेछ । यस्ता मूल्याङ्कन प्रतिवेदनबाट प्राप्त सुझावहरुलाई कार्यक्रम संचालन, सुदृढीकरण र सिंचाई नीति पुनरावलोकन गर्दा उपयोग गरिनेछ ।

# भाग ३

## ३.१ वातावरणीय प्रतिकूल प्रभावको स्तर न्यून राख्ने तर्फ आवश्यक व्यवस्था

३.१.१ सिंचाई प्रणालीबाट हुन सक्ने प्रतिकूल वातावरणीय असरहरु न्यून गर्न आयोजनाको सम्भाव्यता अध्ययन गरिंदा राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५० को आधारमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरिने छ । यस्तो मूल्याङ्कन/परीक्षण अध्ययनको सिफारिशको आधारमा आयोजना डिजाइन गरी कार्यान्वयन गरिने छ । यस कार्यको लागि आवश्यक जनशक्ति विकास गर्न सिंचाई कार्यालयका प्राविधिज्ञहरुलाई आवश्यक तालिम प्रदान गरिने छ ।

३.१.२ नदी कटान, बाढी, पैह्रो, भूक्षय आदिबाट असुरक्षित हुन जाने भूमिखण्ड र सिंचाई प्रणालीका पूर्वाधारहरुको सुरक्षा तथा सम्भाव्य क्षेत्रमा भू-प्रवर्द्धन गर्न योजना तयार पारी प्राथमिकताको आधारमा जनसहभागिता जुटाई कार्यक्रम लागु गर्दै लगिने छ। जटिल प्राविधिक सेवा आवश्यक नपर्ने र जल उपभोक्ता संस्था आफैले कार्यान्वयन गर्न सक्ने कामका लागि श्री ५ को सरकारले जनसहभागिताको आधारमा उपयुक्त जिन्सी तथा प्राविधिक सहयोग उपलब्ध गराउने छ ।

३.१.३ इन्धनका कम खर्चिला श्रोतहरु पहिल्याई यस्ता श्रोतहरुबाट सञ्चालन हुन सक्ने सिंचाईका आधुनिक प्रविधिहरुको विकास र प्रवर्द्धनमा जोड दिइनेछ ।

३.१.४ सिंचाईका विभिन्न तरिकाहरुको प्रयोग गरी बाली विविधीकरण गर्न सघाउ पुर्याउने तर्फ प्रयास गरिने छ ।

३.१.५ प्रणाली तहबाट खेतमा पानी पुगिसके पछि त्यसको समुचित प्रयोग र उपयोग गर्ने तर्फका प्रयासहरुलाई प्राथमिकताका साथ अघि बढाईने छ ।

# भाग ४

## ४.१ प्रविधि विकास तथा प्राविधिक जनशक्ति सुदृढीकरण एवं सशक्तीकरण

४.१.१ सिंचाई क्षेत्रको उचित र अधिकतम विकासको उद्देश्यलाई सर्वोपरि राखी प्रचलनमा रहेका सतह र भूमिगत सिंचाईका आकार प्रकारलाई प्राविधिक र व्यवस्थापकीय रुपमा समायोजन गरी सतह र भूमिगत श्रोतको सह-उपयोग (Conjunctive Use) गर्ने तर्फ आवश्यक व्यवस्था गर्दै लगिने छ ।

४.१.२ सिंचाई विकासमा संलग्न विभिन्न संस्थाहरु रहेको सन्दर्भमा कार्य पद्धतिको निर्धारण, कार्यान्वयन प्रक्रिया तथा विभिन्न निकायका योगदानमा एकरुपता ल्याउन सिंचाई विभागले अध्यावधिक आधारभूत तथ्याङ्क (Data base) तयार पारी राख्नेछ ।

४.१.३ देशको विकास कार्यक्रम संचालनबाट प्राप्त अनुभवको आधारमा देश भित्रै दक्ष जनशक्ति तयार पार्ने लक्ष्य प्राप्तिको लागि सम्बन्धित स्वदेशी र विदेशी अध्ययन संस्थानहरुसंग सम्बन्धन राखी तालिम तथा जनशक्ति विकासको लागि पाठ्यक्रम विकास गर्दै लगिने छ ।

४.१.४ सिंचाई क्षेत्रमा कार्यरत जनशक्तिको ज्ञान र सीपको विकास क्रमलाई निरन्तरता प्रदान गर्न तालिम तथा अनुसन्धान गर्ने क्षमतामा अभिवृद्धि गरिनेछ । यस कार्यको लागि सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी र गैर सरकारी संस्थाहरुसंग सम्बन्ध राखिनेछ । विभागीय कार्य प्रणाली र कार्य दक्षतामा निरन्तर सुधार गर्न केन्द्र, क्षेत्रीय निर्देशनालय, जिल्ला सिंचाई कार्यालय र आयोजनाको समेत वार्षिक कार्यक्रममा तालिम र अनुसन्धान कार्यक्रम समावेश गरिनेछन् । यस्ता तालिम र अनुसन्धान कार्यक्रममा सिंचाई क्षेत्रको विकास, विस्तार र व्यवस्थापनमा कृषकहरुको संगठित सहभागितालाई पनि समावेश गरिने छ ।

४.१.५ प्रत्येक आयोजनाको सम्भाव्यता अध्ययन अवस्थामा नै तालिम, अनुसन्धान, अनुगमन, मूल्याङ्कन आदिको आवश्यकता पहिचान गरी समुचित बजेट र जनशक्तिको प्रस्ताव गरिने छ ।

## ४.२ कृषि विकाससंग सम्बन्धित निकायहरुबाट उपलब्ध गराउने सेवा

४.२.१ सिंचाई प्रणालीहरुमा उपभोक्ताको माग बमोजिम सघन कृषिकोलागि आवश्यक कृषि ऋण र सामग्री (Agricultural Credit and Input), उत्पादन प्रविधि एवं विद्युत पुऱ्याउने दायित्व कृषि विकास बैंक लगायतका वाणिज्य बैंकहरु, कृषि विभाग, कृषि सामग्री संस्थान, नेपाल विद्युत प्राधिकरण र अन्य सम्बन्धित निकायहरुको हुनेछ । यी निकायहरुले जल उपभोक्ता संस्थाहरुको सक्रिय सहभागितामा आ-आफ्नो सेवाको प्रभावकारितामा व्यापक वृद्धि गर्नेछन् ।

४.२.२ बैंकहरुले प्राथमिकता कर्जा अन्तर्गत सिंचाई विकास तथा व्यवस्थापनको निम्ति जल उपभोक्ता संस्थाहरुलाई निर्माण लागतको प्रतिशत व्यहोर्न, सिंचाई प्रणालीको विकास र पुनर्निर्माण तथा संस्थागत विकास गर्न र सिंचित कृषि प्रविधिका विभिन्न तरिका अपनाउन सहुलियत ब्याज दरमा कर्जा प्रदान गर्नेछन् । यस्तो ऋण प्रवाह खडा बाली (Standing Crops) को आधारमा समेत गर्न सकिने छ । यस्तो ऋण उपभोक्ता संस्थाको सिफारिशमा बैंकहरुले सम्बन्धित उपभोक्तालाई प्रवाहित गर्नेछन् ।

## ४.३ गैर सरकारी संघ संस्था

४.३.१ सिंचाई विकास र व्यवस्थापन सित सम्बन्धित निश्चित काम र समयको लागि मात्र अत्यावश्यक क्षेत्र किटान गरी स्वदेशी वा विदेशी परामर्शदाताको उपयोग गरिनेछ । त्यस्तो परामर्शदाताको सेवाको अर्धवार्षिक पुनरावलोकन र वार्षिक मूल्याङ्कन गरिनेछ र यथाशक्य स्वदेशी संस्थाको प्राविधिक सल्लाह सेवा बढी उपयोग गरिनेछ । विदेशी परामर्श सेवा नलिइ नहुने अवस्थामा पनि बढी भन्दा बढी स्वदेशी परामर्श सेवाको भाग (Component) पनि समावेश गरिनेछ । कुनै प्राविधिक परामर्श सेवा लिइदा सम्बन्धित

सहकर्मी (Counterpart) कर्मचारीलाई दिइनु पर्ने प्रोत्साहन र यिनमा हुनु पर्ने प्रविधि हस्तान्तरण समेतलाई विशेष ध्यान दिई सम्वन्धित परामर्श सेवाको करारमा आवश्यक शर्तहरु राखिनेछन् । ठेकेदारवाट गराउनु पर्ने निर्माणका कार्यहरुमा स्वदेशी ठेकेदारलाई प्राथमिकता दिइनेछ ।

४.३.२ यस नीति अनुरुप श्री ५ को सरकारले आवश्यक ठानेमा आयोजनाको मर्मत संभार तथा संचालनको सम्पूर्ण जिम्मा सम्वन्धित जलउपभोक्ता संस्थाको सिफारिशमा कुनै व्यक्ति वा गैर सरकारी संस्थालाई कवुलियतका आधारमा दिन सक्ने छ ।

४.३.३ सिंचाई विकासमा संलग्न सरकारी र गैर सरकारी निकायको कार्य क्षमतामा अभिवृद्धि गरी उपलब्ध सेवाको विश्वसनीयता तथा प्रभावकारिता वढाउँदै लैजान संगठनात्मक ढांचा तथा व्यवस्थापन प्रणालीमा आवश्यक सुधार गर्दै लगिने छ ।

## ४.४ नीति अध्यावधिक राख्ने एवं कार्यविधि बनाई कार्यान्वयन गर्ने व्यवस्था

४.४.१ यस नीतिलाई हरेक ५ वर्षमा पुनरावलोकन गरिनेछ । सिंचाई नीतिको पुनरावलोकन सिंचाई विभागका महानिर्देशकको अध्यक्षतामा विभागका उपमहानिर्देशकहरु, क्षेत्रीय सिंचाई निर्देशकहरु, विकास समिति अन्तर्गत संचालित आयोजना प्रमुखहरु, जिल्ला सिंचाई कार्यालयका प्रतिनिधिहरु तथा जलश्रोत मन्त्रालय/नीति महाशाखा, राष्ट्रिय योजना आयोग, कृषि विभाग, सम्वद्ध वाणिज्य वैंक र निजी क्षेत्रका विशेषज्ञ प्रतिनिधिहरु समेत रहेको वढीमा १७ जनासम्म सदस्य हुने एउटा कार्यदलले गर्नेछ । कार्यदल गठन भएको ३ (तीन) महिना भित्र नीतिको पुनरावलोकन गरी यसमा संशोधन गर्न आवश्यक भए आवश्यक संशोधनको निमित्त कार्यदलको सिफारिश सहित महानिर्देशकले जलश्रोत मन्त्रालयमा प्रतिवेदन प्रस्तुत गर्नेछ । जलश्रोत मन्त्रालयले प्राप्त प्रतिवेदन उपर एक महिना भित्र आवश्यक कार्यवाही सम्पन्न गरी संशोधित सिंचाई नीति सम्वन्धमा सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।

४.४.२ यस नीतिमा गरिएका विभिन्न व्यवस्थाहरुलाई सिंचाई नीतिका उद्देश्यहरु र उपर्युक्त व्यवस्था (दफा) हरुमा अन्तर्निहित मनसायहरुलाई प्रभावकारी रुपमा लागू गर्न सिंचाई विभागले विस्तृत कार्यविधि बनाई कार्यान्वयन गर्नेछ । यस्तो कार्यविधि सिंचाई नीति स्वीकृत भएको चार महिना भित्र बनाई सिंचाई विभागले लागू गर्नु पर्नेछ । कार्यविधिलाई सफलतापूर्वक स्थापित र लागू गर्न सिंचाई विभागले समय समयमा सिंचाई विकास आयोजना कार्यान्वयन गर्ने कार्यालयहरुलाई मार्ग दर्शन प्रदान गर्नुका साथै सिंचाई विकास आयोजना कार्यान्वयन गर्ने कार्यालयहरुले समेत यस्तो मार्ग दर्शनको निमित्त सिंचाई विभागसंग माग गर्न सक्नेछन् । यस्तो माग उपर तत्काल ध्यान दिई ३ (तीन) साता भित्र सिंचाई विभागले उचित मार्ग दर्शन प्रदान गर्नु पर्नेछ ।

४.४.३ माथि उपदफा ४.४.२ मा उल्लेख गरिए अनुसार मार्ग दर्शन प्रदान गर्न सिंचाई विभागका महानिर्देशकले विभागको योजना, डिजाइन अनुगमन तथा मूल्याङ्कन महाशाखाका उपमहानिर्देशकको अध्यक्षतामा बढीमा ७ जना सदस्य भएको एउटा कार्यदल गठन गर्नेछ । यस कार्यदलमा सिंचाई विभागका सम्बन्धित अधिकृतहरु सहित जलश्रोत मन्त्रालय/नीति महाशाखा, कृषि विभाग, वन विभाग, सम्वन्धित बैंकका प्रतिनिधिहरु सदस्य रहने छन् । सम्वद्ध कुनै निकायका प्रतिनिधि एवं निजी क्षेत्रका विशेषज्ञहरुलाई कार्यदलका अध्यक्षले कार्यदलको बैठकमा आवश्यकता अनुसार आमन्त्रित गर्न सक्नेछ ।

४.४.४ नेपाल अधिराज्यमा आन्तरिक र वैदेशिक दुवै श्रोतबाट सम्पन्न हुने नयां सिंचाई विकासका कार्यक्रम प्रचलित सिंचाई नीति अनुरुप मात्र संचालन गरिनेछ । चालु रहेका वैदेशिक श्रोतबाट संचालित सिंचाई विकास कार्यक्रमहरुमा उल्लेख भएका कार्यविधिहरुलाई पनि प्रचलित सिंचाई नीति अन्तर्गत पारी कार्यान्वयन गरिनेछ । यस प्रयोजनको निमित्त सम्वद्ध सिंचाई आयोजना कार्यान्वयन कार्यालयलाई उपदफा ४.४.३ मा गरिएको व्यवस्था अनुसार सिंचाई विभागले उचित मार्ग दर्शन गर्नेछ ।

# भाग ५

## ५.१ विविध

५.१.१ देशमा विद्यमान सिंचाई विकास क्षमताको प्राथमिकताको आधारमा उपयोग गर्दै जाने उद्देश्य परिपूर्तिका लागि सिंचाई विभागले जलवायु तथा मौसम विज्ञान विभाग तथा अन्य सम्बन्धित निकायसंग समन्वय गरी विभिन्न बेसिन, सब-बेसिनमा संभाव्य सिंचाई प्रणालीहरुको अध्यावधिक सूची तयार गर्दै लानेछ ।

५.१.२ सिंचाई विभागको संगठनात्मक स्वरुप र जनशक्तिलाई सिंचित हुने क्षेत्र, नदी बेसिन (River Basin), सिंचाई विकासका नीति र कार्यक्रमहरुका आधारमा समायोजन गर्दै लगिनेछ ।

# अनुसूची १

सिंचाईको विकास र सुदृढीकरण गर्न उपभोक्ताले व्यहोर्नु पर्ने न्यूनतम लागत अंश

| विवरण | उपभोक्ताले व्यहोर्ने न्यूनतम प्रतिशत अंश | श्री ५ को सरकारले व्यहोर्ने अधिकतम प्रतिशत अंश |
|---|---|---|
| १. जल उपभोक्ताद्वारा सञ्चालित वा भविष्यमा सञ्चालित हुने सिंचाई प्रणाली | | |
| १.१ नयाँ निर्माण | | |
| १.१.१ तराई | | |
| (क) सतह सिंचाई र भूमिगत (डिप ट्युबवेल) सिंचाई | १० | ९० |
| (ख) सामूहिक स्यालो ट्युबवेल सिंचाई | २० | ८० |
| १.१.२ पहाड (सतह सिंचाई) | | |
| (क) अन्य पहाड | ७ | ९३ |
| (ख) अनुसूची २ बमोजिमको हिमाली क्षेत्र | ५ | ९५ |
| १.२ सुदृढीकरण | | |
| १.२.१ तराई | | |
| (क) सतह सिंचाई र भूमिगत (डिप ट्युबवेल) सिंचाई | १५ | ८५ |
| १.२.२ पहाड (सतह सिंचाई) | | |
| (क) अन्य पहाड | १२ | ८८ |
| (ख) अनुसूची २ बमोजिमको हिमाली क्षेत्र | ७ | ९३ |
| २. जल उपभोक्ता संस्थालाई हस्तान्तरण हुने सिंचाई प्रणाली | | |
| (क) सतह तथा भूमिगत सिंचाई | ५ | ९५ |
| ३. संयुक्त व्यवस्थापनमा रहने सिंचाई प्रणाली | | |
| ३.१ नयाँ निर्माण | | |
| ३.१.१ तराई | | |
| (क) कुलेसो (वाटर कोर्स <१० हे.) | १०० | ० |
| (ख) कुलो (टर्सरी १० देखि ५० हे.) | २५ | ७५ |
| (ग) प्रशाखा (सब सेकेन्डरी ५० देखि ५०० हे.) | ० | १०० |
| (घ) मुहान (हेडवर्क), मूल र शाखा (सेकेन्डरी) नहरहरु | ० | १०० |
| ३.१.२ पहाड | | |
| (क) सतह सिंचाई | ५ | ९५ |
| ३.२ सुदृढीकरण | | |
| ३.२.१ तराई | १२ | ८८ |
| ३.२.२ पहाड | १० | ९० |
| ४. व्यक्तिगत सिंचाई प्रणाली | | |
| ४.१ भूमिगत स्यालो ट्युबवेल सिंचाई | ६० | ४० |
| ४.२ स्प्रिंकलर/ड्रिप सिंचाई | ४० | ६० |
| ४.३ लिफ्ट सिंचाई | | |
| (क) पम्प सेट लिफ्ट | बाँकी लागत | ६८,०००/परियोजना |
| (ख) टर्वाइन/सोलर पम्प लिफ्ट | २५ | ७५ |
| (ग) हाइड्रोलिक र्‍याम/विन्ड पम्प लिफ्ट | ४० | ६० |
| ४.४ सतह सिंचाई | ४० | ६० |

# अनुसूची २

हिमाली क्षेत्रको विवरण

१ ताप्लेजुङ्ग जिल्ला
(क) याम्फुदिन
(ख) तापथोक
(ग) लेलेप
(घ) ओलाङ चुङ गोला
(ङ) पापुङ र
(च) नाल्वु गाउँ विकास समिति
२. सखुवासभा जिल्ला
(क) पावा खोला
(ख) हटिया
(ग) चेपुवा
(घ) किमाथाङ्का
(ङ) मकालु
(च) याफु, र
(छ) पाथिभरा गाउँ विकास समिति
३. सोलुखुम्बु जिल्ला
४. दोलखा जिल्ला
(क) विगु
(ख) आलम्पु
(ग) गौरीशंकर
(घ) लामावगर
(ङ) मार्वु र
च) खोर गाउँ विकास समिति
५. सिन्धुपाल्चोक जिल्ला
(क) गुम्बा
(ख) बराम्ची, र
(ग) गोल्छे गाउँ विकास समिति
६. रसुवा जिल्ला
(क) थुमन
(ख) टिमुरे, र
(ग) लामटाङ्ग गाउँ विकास समिति
७. गोरखा जिल्ला
(क) ल्हो
(ख) सामागाउँ
(ग) प्रोक
(घ) विही
(ङ) चुमचेत
(च) छेकम्पार
(छ) सिर्दिवास
(ज) उह्या
(झ) करोवा, र
(ञ) लाप्राक गाउँ विकास समिति
८. मनाङ्ग जिल्ला
९. मुस्ताङ जिल्ला
१०. डोल्पा जिल्ला
११ मुगु जिल्ला
१२. जुम्ला जिल्ला
१३. हुम्ला जिल्ला
१४. बझाङ जिल्ला
(क) काँडा
(ख) भानचौर
(ग) धमेना
(घ) दाँताला
(ङ) मेल विसौनी
(च) दह वगर
(छ) सुरमा, र
(ज) दौली चौर गाउँ विकास समिति
१५. दार्चुला जिल्ला
(क) व्यास
(ख) राप्ला
(ग) धुसा, र
(घ) खण्डेश्वरी गाउँ विकास समिति
१६. कालिकोट जिल्ला
१७. बाजुरा जिल्ला
(क) विच्छे
(ख) दहकोट
(ग) मानाकोट, र
(घ) रुगिन गाउँ विकास समिति

# अनुसूची ३

सिचाई सेवा शुल्क सम्बन्धी व्यवस्था

| सहभागिताको विवरण | सिंचाई सेवा शुल्कबाट उठेको रकमको व्यवस्था | |
|---|---|---|
| | श्री ५ को सरकारले राख्ने अंश (प्रतिशत) | जलउपभोक्ता संस्थाले पाउने अंश (प्रतिशत) |
| १. कुलो, कुलेसो र सो भन्दा तल जल उपभोक्ता संस्थाबाट र बांकी श्री ५ को सरकारले व्यवस्थापन गरेको हकमा | ७५ | २५ |
| २. उपदफा २.१.३(ख) अनुसारको ब्लकसम्म उपभोक्ता संस्थाबाट र बांकी श्री ५ को सरकारले व्यवस्थापन गरेको हकमा | ५० | ५० |
| ३. मूल नहर भन्दा मुनिको सबै नहरहरु उपभोक्ता संस्थाबाट र बांकी श्री ५ को सरकारले व्यवस्थापन गरेको हकमा | २५ | ७५ |
| ४. हेडवर्क्स बाहेक मूल नहर सहित अन्य संपूर्ण संरचना जल उपभोक्ता संस्थाको व्यवस्थापनमा रहेको हकमा | १० | ९० |